# नवचेतनाग्रहः एक चिन्तन सन्दर्भ

घोषणापत्र – १

***प्रस्तावना***

हाम्रो मानिसक जगत्मा सधैँ अन्धकार व्याप्त छ । मानव जाति सदैव अन्धकारमय मानसिक जगत्मा चेतनाको उज्यालोको अभीष्ट राखेर चलायमान रहने प्राणी हो । आजसम्म उसले गरेको बौद्धिक एवम् भौतिक विकासका कार्यहरूबाट निर्मित मानव सभ्यता उज्यालोतर्फ उन्मुख चेतनाको गतिशीलताबाटै सम्भव भएको हो । यदि उसको मानसिक जगत्मा सूर्यपिण्डझैँ चेतनाको प्रज्वलित पिण्ड हुन्थ्यो भने ऊ प्रकृतिमा स्थूल वा स्थिर रहने थियो होला । मानव गतिशीलताको अर्थ उसको अन्धकारमय मानसिक जगत्को द्योतक हो । मानिस जीवनको अन्धकारमय यात्रामा ससाना सङ्केत, इसारा, लक्षण, सूत्र वा झिल्काहरूको सहारामा महायात्रा गर्दै यहाँसम्म आइपुगेको छ । मानवले चार हजार वर्षदेखि बौद्धिक एवम् भौतिक विकासको क्रममा साहित्य, सङ्गीत, कला, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, खगोलशास्त्र र धर्मदर्शनमा जे जस्ता उपलब्धिहरू हासिल गर्दै आयो ती कुनै एक दृष्टान्त र सिद्धान्तबाट मात्रै सञ्चालित छैनन्, यो मानव जीवन र जगत् पनि यसरी सञ्चालित छैन । विविध नयाँ चिन्तन, नयाँ दृष्टान्त, सिद्धान्तबाट निर्मित विभिन्न पद्धतिहरूबाट जगत् सञ्चालित हुँदै आएको छ । यिनै दृष्टान्तहरूलाई हामीले समय चेतनाका झिल्का मानेका हौं। मानिस यिनै चेतनाका ससाना झिल्काहरूको इसारा, सङ्केत र लक्षणहरू समातेर जगत्मा यात्रा गरिरहेका छन् । नवचेतनाग्रह आफूलाई यही अन्धकारमय महायात्राको एउटा सानो झिल्का मान्दछ ।

***अवधारणाहरू***

१.

साधारणतः प्रकृति नग्न छ, थियो र हुनेछ । प्रकृतिको नग्नता उसको स्वस्पष्टताको प्रकटीकरण हो । प्रकृतिको नग्नता सत्य हो र उसको नग्नतामा सन्देह छैन । प्रकृतिमा भित्र र बाहिर भन्ने छैन, यसो भनौं प्रकृतिमा द्वैधसत्ता छैन । यो नै उसको सौन्दर्य हो । मानिस चेतन र अचेतनमा प्रकृतिबाट प्रभावित छ र वृतिमा अनुकृत पनि । तर प्रकृतिकै एक अङ्ग मानिस उसको प्राकृतिक स्वरूपमा मात्र नभएर ऊ निक्कै बलियो कृत्रिम आवरणका तहहरू भित्र छ । सभ्यताको विकासक्रमसँगै नैतिकताका, धर्मका, सामाजिक मूल्य र मान्यताका आवरणहरूले प्राकृतिक मानिसलाई बिस्तारै ढाक्दै गयो । यिनै आवरणहरूकै कारण उसको मनोविज्ञानमा नग्नताप्रति श्लीलता र अश्लीलताको मनोग्रन्थको विकास हुन गयो । आजको मानिस भित्री मानव र बाहिरी मानवमा विभाजित छ । तसर्थ मानव प्रवृतिमा द्वैधसत्ताको विकास भयो । यसो हुँदा प्रकृतिको नग्नताको व्यञ्जना अभिधात्मक छ र नै मानवको नग्नताको अभिव्यञ्जना पनि प्रतीकात्मक हुनपुग्छ । मानिस मानवीय मूल्य, मान्यता, लोक लाज र सामाजिक प्रतिष्ठाको रक्षार्थ आफूभित्रको प्राकृतिक नग्नतालाई कलाको माध्यमबाट अभिव्यक्त गर्दछ वा नग्नताको प्रकटीकरणका लागि सिर्जनामा कला भर्दछ ।

आवरणका कारणले मानिसमा श्लीलता र अश्लीलताको मनोग्रन्थिी विकास भयो । त्यसै कारणले ऊ सामाजिक मूल्य मान्यता मान्दछ । मानिस भित्रको नग्नतालाई कृत्रिम आवरणहरूले बाहिर आउन दिँदैनन् अतः

मानवले जगत्मा श्लीलता र अश्लीलता देख्दछ । किनभने श्ललीता र अश्ललिता वस्तुमा होइन उसको मानसिकतामा हुने गर्दछ । आवरणकै कारण मानवको प्राकृतिक नग्नता उसको प्रवृति, आचरण वा वृतिमा प्रतिबिम्बित हुन्छ । त्यसैले काव्यमा कला प्रकृतिको नग्नताको अभिव्यञ्जना हो ।

२.

प्रकृतिको प्रतिकूलतासँग सङ्घर्ष गर्दै र अनुकूलतासँग खेल्दै र त्यसको प्रभावबाट कला उमार्दै यहाँसम्म आइपुगे पनि प्रकृतिप्रति मानव चेतनाको सीमा छ । प्रवृति एवम् प्रकृतिमा स्थापित जगत्प्रति मानव चेतनाको सीमाका कारण उसमा भ्रम अधिक छ । उसको मानसिक जगत् भ्रममय छ । मानिसको चलायमान स्थिति वा गतिशीलता भ्रमका कारणले हुन्छ । मानव सदैव थोरै सत्य र धेरै भ्रममा बाँच्दछ, किनभने उसले जगत् र जीवनमाथि पूर्ण ज्ञान प्राप्त गरिसकेको अवस्था होइन, न त केही ज्ञान नै प्राप्त नगरेको अवस्था हो । मानिस अर्ध छ वा सधैँ अपुरो, अधुरो छ, कारण उसले केही सिकेको र धेरै सिक्न बाँकी रहेको र थोरै गरेको र धेरै गर्न बाँकीरहेको अवस्थामा छ । मानिसको चेतनामा निश्चित सीमा हुने हुँदा उसको मनोजगत्मा भ्रम अधिक र सर्वव्यापी छ । मानिसले जगत्माथि पूर्णता हासिल गरिसकेको हुँदो हो त ऊ स्थूल वा स्थिर हुन्थ्यो । उसको गतिशीलता भन्नु नै अर्धताबाट उत्पन्न भ्रमको चलायमानता हो । मानिस धेरै भ्रमहरूबाट सत्यमा पुग्न क्रियाशील रहन्छ । एउटा सत्यमा पुग्दा ऊ गन्तव्यमा पुगे जस्तो स्थिर वा निश्चित देखिन्छ, तर एक समय प्राप्त पूर्ण सत्य अर्को समयमा पुगेर अर्ध बन्दछ । किनभने सत्य भन्ने तत्त्व चेतनाले स्थापित गरेको सीमासम्म मात्रै स्थिर छ । आजको सत्य भोलि असत्यमा परिणत हुन्छ, त्यसो र मानव कृत्य विरोधाभासपूर्ण छ । एउटा सत्यको प्राप्ति एउटा भ्रमको अन्त्य हो । तापनि एउटा सत्यको प्राप्तिसँगै अर्को भ्रमको जन्म पनि हुन्छ । यो भ्रमको व्यापकता हो । मानवका सम्पूर्ण क्रिया वा कृयाशीलता उसको अर्धता र अल्पज्ञताको अभिव्यक्ति पनि हो । यसरी मानवमा भ्रमको जीवनचक्र निरन्तर चलिरहन्छ । सत्य र भ्रान्ति यी दुवै सहयात्री पनि हुन् ।

३.

मानिसको प्रवृति, स्वभाव र आचारणले कुन कुरा सिद्ध गर्दछ भने ऊ पूर्ण सद्दे छैन, न त पूर्ण पागल नै छ । मानव स्वभाव अर्ध सद्दे र अर्ध पागलपनको सम्मिश्रण हो । मानव सधैँ अर्ध सद्देपन र अर्ध पागलपनको सन्तुलनमा हुने गर्दछ । तर अर्ध सद्देपन उसको चेतनामा सक्रिय रहने तत्त्व हुनाले उसलाई पूर्ण सद्देपनको भ्रम उत्पन्न हुने गर्दछ । वस्तुतः त्यो सत्य होइन किनभने मानिस आवरणभित्र छ । आवरण दुई प्रकारका छन्: भौतिक आवरण र मानसिक आवरण । आरम्भमा भौतिक आवरणकै कारण कालान्तरमा मानव मनोग्रन्थिमा मानसिक आवरणको विकास हुन गएको हो । यही मनोग्रन्थिको प्रभावबाट बन्न गएको मानसिक आवरणले मानिसलाई बाह्य मानव र अन्तर मानवका रूपमा विभाजित गरिदिएको छ । अन्तर मानव जो प्राकृतिक स्वरूपमा छ, नग्न, स्पष्ट र सुन्दर छ । तर बाह्य मानव ढोँगी, बनावटी र पाखण्डी छ । बाह्य मानव आफू असल, सुसंस्कृत र सभ्य देखिन पारिवारिक, सामाजिक, धार्मिक, एवम् नैतिकताको अनुकूलतामा हुन्छ, तर अन्तर मानव त्यसको ठीक प्रतिकूलतामा । तसर्थ बाह्य मानवमा दमन शक्ति छ र अन्तर मानवप्रति ऊ दमनकारी छ । अन्तर मानवमा बाह्य मानवको निरोध, निषेध र दमन निरन्तर छ । बाह्य मानवको दमनका कारण अन्तर मानव समय-समयमा आर्जित शक्तिले बलियो छ । यसो हुँदा बाह्य मानव र अन्तर मानवको अवचेतनमा अन्तर्द्वन्द्व निरन्तर छ । अन्तर्द्वन्द्वकै कारण मानिसको बोली र व्यवहारमा विचलन छ । मानिसको

बोली बाह्य मानवको आदेश पालना गर्दछ, तर दमनका कारण शक्तिशाली अन्तर मानव समयानुकूल बाह्य मानवको आदेश वेवास्ता गर्दछ । फलतः मानवमा द्वैध चरित्र वा द्वैधसत्ता छ । ऊ बाहिरबाट एकथोक छ र भित्रबाट अर्कोथोक । ऊ बाहिरबाट एकथोक देखिन्छ भित्रबाट अर्कैथोक भेटिन्छ । मानवमा पूर्ण सद्दे्पन छैन, कारण आवरणले मानवमा दमन छ र दमनका कारण मानव स्वभावमा अर्ध पागलपन छ ।

४.

मानवका निम्ति जगत् अद्भुत र रहस्यमय छ । उसले जगत्लाई आफ्नो बुद्धि, विवेक, चेतना र ज्ञानको सीमाभित्र हेर्दै र बुझ्दै आएको छ । जगत्प्रतिको सीमित बुझाइ र अर्धताका कारण मानव जीवन भ्रान्तिमय छ । यही भ्रमबाट सृजना र कला पनि प्रभावित छ । धेरै भ्रमहरूबाट सत्योन्मुख हुने प्रक्रियाहरूमा कला वा सृजनाभित्र भ्रमको पुनरुत्पादन हुन्छ । अतः सृजना वा कला पूर्ण सत्य होइन न त पूर्ण असत्य नै । त्यसैगरी मानवमा दमनका कारण बाह्य मानव र अन्तर मानवको निरन्तर अन्तर्द्वन्द्व छ । समय र परिस्थितिको अनुकूलतामा दमित अन्तर मानव बाह्य मानव पराजित हुनेगरी दमनको प्रतिरोध वा सामना गर्दछ । यदि समय र परिस्थितिको प्रतिकूलतामा दमित अन्तर मानवले छद्मरूपमा सहज एवम् सरल अभिव्यक्तिको खोजी गर्दछ । अभिव्यक्तिले (साहित्य, कला र सङ्गीतको माध्यमबाट) एकातिर दमित अन्तर मानवलाई राहत प्रदान गर्दछ भने अर्कोतिर उसको प्रतिकूलताको विरुद्ध सहजीकृत र सरलीकृत मार्ग प्रशस्त गर्दछ । यसरी सृजना वा कलामा अर्ध पागलपन व्यक्त हुने गर्दछ ।

५.

आजको सभ्यतामा अवतरित हुनाका लागि मानिसले गरेका भौतिक एवम् मानसिक प्रगतिहरूमा सदैव उसको बुद्धि, विवेक, ज्ञान, संज्ञानहरूमा विचारप्रधानता सर्वोपरि वा सर्वमान्य रह्यो । यस अर्थमा जीवन र जगत्लाई विचारले नेतृत्व गर्दै आयो । चार हजार वर्षदेखि उसले नेतृत्व गर्दै आएको विचार मानव हितका निम्ति सफल रह्यो या रहेन ? अब विमर्शको विषय बन्नु पर्छ । किनभने यस जगत्मा मानव सभ्यता सँगसँगै मानवीय विद्वेष, विद्रुपता, विग्रह पनि जोडिएर आएको छ । यी सारा विग्रह, युद्ध, द्वन्द्व, हिंसा र मानव वितण्डा के उसकै निम्ति हितकर रह्यो त ? होइन भने मानवका सम्पूर्ण सत्कर्मका सत्प्रयासहरूमा कहाँनेर त्रुटि रह्यो त ? अब विवेचनाको विषय बन्नु पर्छ ।

त्यसो भए विचार के हो त ? मानिसमा रहने बुद्धितत्त्व र चित्ततत्त्वले सत् असत् पहिचान गर्न सक्ने चेतना शक्तिबाट विचार उत्पन्न हुन्छ । जो मानिसलाई मात्र प्राप्त छ । विचार सामान्य व्यक्तिमा सीमित रहँदासम्म शब्दकोशीय अर्थमा निहित रहन्छ । तर सामान्य विचार समाजमा प्रत्यारोपित भए पश्चात् त्यसको अर्थ व्यापकताले असामान्य बन्दछ । किनभने विचारले आफ्नो बोली चिन्तन वा मननको सिद्धिका निम्ति सामान्य सत्यको बयान मात्रै गर्दैन, यसले परिस्थिति अनुरूपको अर्थ प्रदान गर्दै तर्कसङ्गत ढङ्गबाट कुनै सम्भावनाको प्रतिपादन गर्न सक्ने क्षमता राख्दछ । यो विचारको प्रकृतिगत विशेष सद्गुण हो । आजतक जीवन र जगत् विचारको प्रकृतिगत सद्गुणको प्रभावद्वारा सञ्चालित हुँदै आएको छ । यसरी जीवन र जगत्को उन्नयनमा सन्तुलनका निम्ति विचारको सद्गुणको एक पक्षीय गतिशीलता मात्रै नभएर विचारका दुर्गुणको विवेचना हुनु पर्दछ भन्ने नवचेतनाको आग्रह हो । ईश्वर, धर्म र दर्शनहरू मानव जीवनलाई सत्मार्ग प्रदान गर्न असल रहेतापनि असफल भए । मानिसले त समाजभित्र विद्यमान अन्तर्द्वन्द्वलाई द्वन्द्वात्मक भौतिक विज्ञानको विकास

गरीकन समाज व्यवस्थापनको सिद्धान्तकै निर्माण गरे । यसले पनि द्वन्द्वका निम्ति द्वन्द्व गर्ने द्वन्द्वकलाको मात्रै विकास गऱ्यो तर समाजमा विद्यमान विग्रहबाट मानिसलाई मुक्ति प्रदान गर्न असफल नै रह्यो । यी सारा असफलताका कारण के हुन सक्लान् त ? यति लामो मानव सम्यताका सत्कर्मका प्रयासहरूका अनुक्रममा विचार नै सर्वोपरि, सर्वमान्य र प्रधान रहँदै आयो । त्यसो हो भने यस गलत परिणामका मूलकारक विचारमाथि नै किन सन्देह नगर्ने ?

**(क) विचारको बहुलतामाथि सन्देह गर –** जगत्मा मानिसका विचार बहुल छन् र अनेक छन् । तर विचारहरूमा बहुलताका स्वभाव अथवा अरूको अस्तित्वको समान एकताको भाव वा उसको स्वत्वलाई उसकै रूपमा स्विकार्ने र सम्मान गर्ने भाव विचारको कृत्यमा हुन्छ कि हुँदैन ? यदि हुन्थ्यो भने बहुल विचारहरूमा एकताको सम्भावनाको स्थान हुन्थ्यो र समाजमा विग्रह र द्वन्द्वको कारण नै हुने थिएन सायद । तर समाजमा विद्यमान अन्तर्द्वन्द्वको निरन्तरता विचारमा बहुलताका लागि अरूको अस्तित्वको समान एकताको भाव वा उसको स्वत्वलाई उसकै रूपमा स्वीकार्य र सम्मानभावको अभावको कारणले छ । त्यसो हो भने विचारमा केही विकार, दुर्गुण एवम् दुर्बल पक्षहरू पनि छन् । विमर्शका निम्ति सन्देह गरौँ ।

- **विचारमा एकात्मकता छ –** विचार आफूकेन्द्रित र आत्मसत्तावादी छ । विचार अरूको सत्त्वलाई उसकै रूपमा स्विकार्ने र सम्मान गर्ने गुण रहित छ । ऊ अरूको अस्तित्वलाई आफूमा विलयन गराउन चाहन्छ र आफ्नै अस्तित्वको मात्र पक्षपोषण गर्दछ । यसले अरूसँग मिसिने गुण राख्दछ भने पनि अरूको अस्तित्व आफूमा समाहित गरिसकेपछि मात्रै । त्यसैले विचारको एकात्मकताले अरूको मौलिक रूपलाई तिनकै अस्तित्वमा स्विकार्न सक्तैन । त्यसको सम्मिश्रणका निम्ति यसले द्वन्द्वको आमन्त्रण गर्दछ ।
- **विचारमा केन्द्रीयता छ –** यसले अन्य विषयवस्तुलाई आफूमा केन्द्रीकृत गर्दछ वा कुनै निश्चित उद्देश्य प्राप्तिका निम्ति आफ्नो शक्तिको केन्द्रमा ढालेर हेर्दछ । यसले तर्कसङ्गत ढङ्गबाट आफ्नो अनुकूल विषय सन्दर्भलाई सिद्ध गर्न तत् समय सत्यको आख्यान कार्य गर्दछ । तसर्थ यसले अन्यको मौलिक रूपमथि आफ्नो अस्तित्व सत्ता देख्दछ । विचारको केन्द्रीयतामा साना वस्तुमाथि ठूलो वस्तुको आकर्षणको नियम अनुसरण हुन्छ वा अन्यमाथि आफ्नो शक्ति लाद्ने र थोपर्ने हुन्छ ।
- **विचारमा निरङकुशता छ –** एकात्मकता र केन्द्रीयताको सत्तालाई बचाउन एक कवच वा रक्षकका रूपमा विचारमा निरङकुशताको स्थान छ । एक अर्थमा निरङकुशता विचारको सेवक हो । आफ्नो सामर्थ्यले भ्याउने समय सीमासम्म निरङ्कुशताले एकात्मकताको एवम्  केन्द्रीयताको सुरक्षार्थ विचारको सेवा गर्दछ, जहाँ  निरङ्कुशताको शक्ति प्रबल रहन्छ । यसको सत्ता समयसीमा निरङ्कुशताको शक्तिमा निर्भर रहन्छ । एकात्मकता, निरङ्कुशता र केन्द्रीयताका कारण विचार कुरूप र हिंस्रक छ । निरङ्कुशताको सर्वथा शक्ति भनेको दमन हो ।  निरङ्कुशताकै कारण जगत्मा दमनका प्रतीकात्मक एवम् छद्मभेषी रूपहरू प्रकट हुन्छन् । दमन शक्ति र दमित शक्तिबिच अन्तर्द्वन्द्व र अन्तरसङ्घर्ष छ । निरङ्कुशताले जगत्मा दमनको जीवनचक्र निर्माण गर्दछ । जसद्वारा मानवमा उत्पन्न हुने भौतिक एवम् मानसिक दमनको विश्वव्यापीरूप सञ्चालित छ ।

सङ्क्षेपमा यी कारणहरूले नवचेतनाग्रहले विचारमाथि सन्देह राख्दछ । यी अवगुणहरूका कारण विचारहरू अनेकन वा बहुल हुँदाहुँदै पनि वस्तुतः विचारको बहुलता मिथ्या हुन पुग्दछ । विचारहरू बहुलता वा बहुलमा एकताको भाव राख्न सक्ने क्षमता वा गुणको अभावले बहुल विचारहरू बहुल हुन अगावै खण्डिततामा (रूपले होइन, स्वभावले) रूपान्तरित हुन पुग्दछन् । फलतः बहुल विचारको खण्डितताकै कारण संसारमा युद्ध, द्वन्द्व, विद्वेष र वितण्डाहरू छन् । एकले अर्कासँग युद्ध नै लड्न पर्ने कारणहरु रहन्छन् ।

**(ख)** मानवले निर्माण गरेको जगत् अपूर्ण, अर्ध र च्याप्टो छ । यही अर्धताका कारण जीवन र जगत् उन्नयनको उत्कट अभीष्ट सहित गरिने उदात्त क्रियाकलापहरूबाटै मानव निरन्तर दुर्घटित र स्खलित हुँदै आएको छ । थाहा छ – यो जगत् दृश्य एवम् अदृश्य दुवै वस्तुको सहअस्तित्वद्वारा निर्मित छ र पूर्णता प्राप्त छ । तर मानव कहिलेकाहीँ दृश्यवान् वस्तुको पछिमात्र दौडिन्छ र अगोचर वस्तुमा दुर्घटित हुन पुग्दछ ।

काव्य वा कला पनि मानव जीवन र जगत्को पूर्णताका लागि हो, हामीले मान्यौं । तापनि विचारको एकात्मकता, केन्द्रीयता र निरङ्कुशताका कारण काव्य पनि सीमाङ्कित छ । यसकै कारण काव्यको कवित्व वा कुनैपनि सिर्जनाको मर्म पाठकसम्म सम्प्रेसित हुन अगावै समाजप्रतिको नैतिक दायित्वको बन्धनमा फस्न पुग्दछ । यसो हुँदा काव्यको व्यापक दृष्टान्त सुरुङ मार्ग बन्न जाने र यसको कार्य व्यवहार सीमाङ्कित हुन पुग्दछ । यसरी जीवन र जगत्को व्यापकतालाई समाजमा देख्न, लेख्न वा उचाल्न सकिँदैन । यसबाट प्रकृतिलाई हेर्दा एकथोक देखिन्छ र धेरैथोक छेलिन्छ । जीवन उचाल्दा एकथोक उचालिन्छ र सम्पूर्ण छोडिन्छ । यसरी हेरिँदा थोरै देखिन्छ र धेरै छेलिन्छ ।
**(ग)** काव्य वा कवितामा विचार केका लागि ? सत्य यो हो कि स्रष्टाले कवित्वलाई नैतिकता, उपादेयताको भारी बोकाउनु छ । काव्य सम्प्रेषणको माध्यम बनेर उपदेशकको रूपमा पाठकमाथि अधिनायकत्व लाद्नु छ । कवित्व, आदर्श समाज वा राज्यको नोकर र दास बन्नु छ । त्यो विचारकै कारणबाट मात्रै सम्भव छ । यसो हुँदा विचारको कथित नैतिक बन्धन नै काव्यिक निस्सीमताको प्रमुख बाधक बन्न पुग्दछ । विचारले कवितालाई स्वतन्त्र र स्वायत्त सत्ताको रूपमा स्विकार्न सक्तैन बरु निरन्तर कथित नैतिकता र उपादेयताको बन्धनभित्र आफ्नो अनुकूलताको दास बनाइरहन्छ । दास स्वतन्त्र हुन सक्तैन र विना स्वतन्त्रता व्यापक र निस्सीम बन्न सम्भव छैन । विचारमा विद्यमान एकात्मकता, केन्द्रीयता र निरङ्कुशताकै कारण विचार ग्राह्य होइन, केवल आरोपित वस्तु बन्न पुग्दछ । यसले कवित्वमाथि शासन गर्दछ र पाठकमाथि अधिनायकत्वको आरोपण गर्दछ । कवित्वमा विचारको शासन र अधिनायकत्वले पाठकको हत्या गर्दछ र पाठकको हत्या काव्यको मृत्यु हो । पाठकको मृत्यु उसको काव्यिक चेत, विवेक र स्वनिर्णयप्रति प्रतिबन्ध लाग्नु हो । नवचेतनाग्रह भन्दछ “काव्यको जीवन कवित्वमा अर्थहरूको जागरणमा छ ।” विचारले त सत्य सिद्धिका निम्ति तर्कसङ्गत बयान वा आख्यान गर्ने हुनाले कवित्वमा अर्थहरूको जागरण छैन । काव्यमा पाठकका लागि खेल्ने भूमि (poetic space) व्यापक छ । त्यसैले काव्य स्थूल छैन, तर हामी काव्यलाई आदर्श समाज निर्माणको अभिप्रायले मानव उपयोगिताका उत्कृष्ट साधन, औजार वा हतियार बनाउँदछौं । औजार कर्ता होइन । त्यो स्थूल छ र दोस्रो शक्तिद्धारा सञ्चालित छ । यसरी काव्य स्थूल बन्दछ र विचारद्वारा चालित औजार । त्यसैले काव्यिक निस्सीमताका लागि विचारको दासत्वबाट कवित्वको उन्मुक्ति आवश्यक छ । विचारको दासत्वबाट काव्यको उन्मुक्तिका लागि कवित्वमा विचारको विघटन र चेतनाको स्थापन अनिवार्य छ, हामीले भन्यौं ।

**(घ)** काव्य कवित्वका लागि कि पाठकका लागि ? विचारको अधिनायकवादी शासन सत्तामा कविता कवित्वका लागि हुन सक्तैन । विचारको एकात्मकता, केन्द्रीयता र निरङ्कुशताले आदर्श समाज निर्माणको उद्देश्यमा अभिप्रेरित काव्य पाठकका लागि भनेर निर्देशित छ । तर कविता कुनै अद्भुत वा अलौकिक सृजना होइन । न त लेखक वा कवि कुनै तेस्रो ग्रहबाट आएको अद्भुत अलौकिक प्राणी नै हो । ऊ पनि पाठक झैँ यही ग्रह वा जगत् र समाजको सामान्य मानिस हो । ऊ पनि पाठकझैँ समान बुद्धि, चेतना, कल्पना र भावना बोकेको मानिस नै हो । उसको सृजना तेस्रो ग्रहको अलौकिक जीवन र जगत्को अनुकृति होइन । पाठकसँगै बाँचेको यही लोकजीवन र जगत्को अनुकृति हो । उसको सृजना यही जीवन र जगत्को अनुकरण र पुनरुत्पादन हुनेहुँदा पाठक स्वयम्को जीवन पनि स्वतस्फूर्त र स्वतन्त्र रूपमा सृजनामा समाविष्ट हुने विषय हुन् भने सृजना पाठकका लागि भनिरहनुको औचित्य छैन । तर औचित्य छ –विचारको अनुकूलतामा निर्दिष्ट लक्ष्य प्राप्तिका निम्ति ।

काव्य वा कविता सृजना हो, कुनै यन्त्र–उत्पादित उपभोग्य भौतिक वस्तु होइन । जो बजार व्यवस्थापनको उद्देश्यका साथ उपभोक्ताका रुचि र आवश्यकतालाई ध्यानमा राखी उत्पादन गरिन्छ । वस्तुतः सृजना–सृजनाकै लागि हो, तापनि यो पाठक एवम् श्रोताका माझ पुगेर उसको चेतना जागरणको निम्ति मानसिक उत्प्रेरकको कार्य गर्दछ र मनोपयोगी विषय बन्न पुग्दछ । अनि कविताद्वारा मानवको मनोजगत् लाभान्वित पनि हुन पुग्दछ । यस जगत्को संरचनामा प्राकृतिक वस्तुहरूको उत्पति वा सृष्टि कसैका लागि भनेर नियोजित छैन । बरु यहाँ एकले अर्कालाई उपयोग मात्र गर्दछन् । जस्तो एउटा उदाहरणः– फूल प्रकृतिमा कसैको लागि भनेर फुलेको होइन । प्रकृतिको नियम पालन गर्दै फूल आफ्नै लागि फुल्दछ र झर्दछ । तर प्रकृतिमा फूललाई जीव, जन्तु, मानिस र कवि कलाकारसम्मले आआफ्ना आवश्यकतामा उपयोग गर्दछन् । काव्य वा कविता फूलजस्तै हो- हामी मान्दछौँ । तर जब कुनै निश्चित उद्देश्य प्राप्तिका निम्ति विचारले काव्यलाई घोडा बनाउँदछ, भारी लाद्छ र कोर्रा हिर्काउँछ, अनि कविता पाठकका लागि भन्न लगाउँछ, तब कविता कवित्वका लागि नभएर पाठकको लागि हुन पुग्दछ र कविता विचारको अधिनायकत्व र दासत्वबाट बन्धित, शोसित, शासित र सिमाङ्कित भइनै रहन्छ ।

**सृजना जगत्मा नवचेतनाग्रहको व्यवस्थापन**

***सूत्रवाक्य*** :– ***सृजनामा चेतना मात्रै नवीन छ ।***

प्रकृतिमा सर्वथा वा नितान्त नयाँको स्थापना सम्भव छैन । मानवले प्रकृतिमै भएका वस्तुहरूलाई नयाँ ढङ्गबाट बुझ्न वा प्रयोग गर्न मात्रै सक्तछ । तिनै नयाँ-नयाँ बुझाइ र प्रयोगहरुबाट प्राप्त वस्तुलाई मानिसले नयाँ मान्दै आएका छन् । वस्तुतः नयाँ मानिसको चेतना हुन्छ । जगत्का वस्तु चेतनाको आलोकमा प्रकाशित भएपछि मानिसलाई प्राप्त एवम् दृश्यमा वस्तु नयाँ लाग्ने भ्रम उत्पन्न हुन्छ । यसो भनौँ – मानिसको चेतनाभित्र वा उसकै वरिपरि अवस्थित निष्क्रिय एवम् गौणवस्तु चेतनाको आलोकमा प्रकाशित हुन्छ र त्यसलाई केन्द्रीय विषयवस्तु बनाएर सैद्धान्तिक एवम् व्यावहारिक तत्त्वहरूले घनीभूत पार्दछ र त्यसको अस्तित्वलाई सक्रिय बनाउँदछ । त्यतिखेर गौणवस्तु अस्तित्वमा आउने र चेतना गौण बन्न हुँदा मानिसमा यो वस्तु नै नयाँ हो भन्ने भ्रम उत्पन्न हुने गर्दछ । वस्तुतः जीवन र जगत्का वस्तुको अस्तित्वलाई पहिचान गर्ने चेतना र प्रयोग क्षमता मात्रै नयाँ हो । सृजना जगत्मा नवचेतनाग्रहको व्यवस्थापनका पाँचवटा आग्रहहरू छन्:

*१. प्रकृतिको नग्नतामा कला छ है !*

(क) सृजना कलाका लागि

(ख) मनोविकारको शुद्धीकरणका लागि

(ग) अभिव्यक्ति सहजीकरणका लागि

(घ) प्रतीयमान प्रत्ययीकरणका लागि

*२. मानवमा भ्रम चलायमान छ है !*

(क) जगत्मा भ्रमको व्यापकताका कारणले

(ख) प्रकृतिप्रति मानव ज्ञान अपूर्णताका कारणले

(ग) मानव सदैव चेतनाको उज्यालोतिर गतिशील भएका कारणले

*३. मानव स्वभावमा अर्धपागलपन छ है !*

(क) आवरणका कारणले

(ख) दमनका कारणले

(ग) द्वैध चरित्र वा द्वैध सत्ताका कारणले

*४. सृजना अर्ध पागलपनको अभिव्यक्ति र भ्रमको पुनरुत्पादन हो है !*

(क) मानव कृत्य दमन र भ्रमबाट प्रभावित हुने हुनाले

(ख) सृजना आंशिक सत्य र असत्यहरूको सम्मिश्रण, अर्धसत्य वा अर्धअसत्य हुनाले

(ग) दमनको समन र सहजीकरण हुनाले

(घ) दमनको आंशिक क्षतिपूर्ति हुनाले

*५. विचारको विघटन र चेतनाको स्थापन – सर्त छ है !*

(क) विचारमाथि पुनर्विचार वा विवेचनाका लागि

(ख) जीवन र जगत्को पुनःसमीक्षाका लागि

(ग) जीवन र जगत्को पूर्णताका लागि

(घ) काव्य निस्सीमताका लागि

- कविता कवित्वको लागि हुनुपर्ने भएकाले
- कविता विचारको दासत्वबाट मुक्त हुनुपर्ने भएकाले
- पाठक स्वतन्त्र हुनुपर्ने भएकाले

(ङ) चेतनको बहुलताको स्थापनाका लागि

**निष्कर्षः**

चेतना र विचारका बिच अन्योन्याश्रित सम्बन्ध छ । चेतना विचारको स्रोत हो । चेतनाको जागृत अवस्था नै विचारमा रूपान्तरित हुने तत्त्व हो । चेतनाकै कारण विचारले मनोजगत्मा अस्तित्व ग्रहण गर्दछ । समस्त वस्तुको बोध एवम् ज्ञान चेतना प्रकाशमा नै सम्भव हुन्छ । जीवनका सम्पूर्ण क्रियाप्रतिक्रिया चेतनाकै स्तरमा सम्पन्न हुन्छन्, चेतनाको यही जागृत अवस्था विचार रूप बदलिएपछि एकात्मक, केन्द्रीय र निरङ्कुश बन्न

पुग्दछ । फलतः विचारहरूको बहुल एकताका लागि द्वन्द्व आमन्त्रित छ । विचार सिमाङ्कित छ, तर चेतना व्यापक छ । व्यापकतामै बहुलता अटाउँछ र बहुलतामा अनेकता हुन्छ र अनेकतामा रङ्गहरू हुन्छन् । रङ्गहरूमा विविधता हुन्छ । तर विचारको एकात्मकताले रङ्गहरूको हत्या गर्दछ ।

स्रष्टाको विचार काव्य वा सृजनालाई अभिव्यक्ति वा सम्प्रेषणको माध्यम बनाएर पाठकको मानसमा प्रत्यारोपणको विषय बन्नु हुँदैन । यसो गरिँदा सृजना निस्सीमताको अन्त्य हुन्छ । सृजनामा विचारको विघटनले जागृत हुने अर्थहरूको जागरणले निर्माण गरेको व्यापक भूमिमा खेल्न र स्वविवेक अनि स्वनिर्णयको अधिकार पाठकले प्राप्त गर्दछ । यसो हुँदा सृजनामा चेतनाको स्थापन सम्भव छ ।

**आग्रहकद्वयः**

***रक्ष राई***

***मिजास तेम्बे***

**सन्दर्भ सूचीः**


१. **पाश्चात्य साहित्य सिद्धान्त**, २०५७, विष्णुप्रसाद घिमिरे

२. **पाश्चात्य साहित्य सिद्धान्त**, २०६२, इन्द्रविलास अधिकारी

३. **उत्तरआधुनिक ऐना**, २०६२, डा. गोविन्दराज भट्टराई

४. **उत्तरआधुनिक विमर्श** २०६४, डा. गोविन्दराज भट्टराई

५. **मनोविश्लेषणात्मक सिद्धान्त**, सिग्मण्ड फ्रायड

६. **जन्मघात सिद्धान्त**, अटो रैन्क

७. **तेस्रो आयाम र बैरागी काँइला**, २०६२, कृष्ण धरावासी

८. **लीला प्रस्तावना**, कृष्ण धरावासी

९. **मिश्रणवादः घोषणपत्र**, २०६५ डा. घनश्याम न्यौपाने, देवी पन्थी

१०. what does it all mean ? – Thomas Nagel

११. Change your thinking – Dr .Sarah Edelman

१२. आध्यात्मिक एवम् भौतिक चिन्तन – डा. छविलाल गजुरेल

१३. Madness and civilization (1964) – Michel Foucault